नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

# इटालीबाट आयात गरिने स्याउको पोष्ट इन्ट्री क्वारेन्टाइन आचार संहिता, २०८२

प्रस्तावना

इटालीबाट पैठारी गरिने स्याउ बालीका वानस्पतिक प्रशारण सामाग्रीहरुको पैठारी र ओसारपसार गर्दा हुन सक्ने घातक शत्रुजीवहरुको प्रवेश, स्थापना र फैलावट रोक्न तथा सम्भाव्य सुसुप्त संक्रमण हुन नदिन पोष्ट इन्ट्री क्वारेन्टाइनका शर्त तथा बन्देजहरु तयार गरी कार्यान्वयन गर्न बाञ्छनीय देखिएकोले बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ को दफा ६ को उपदफा (२) को खण्ड (ङ) तथा बिरुवा क्वारेन्टाइन तथा संरक्षण नियमावली, २०६६ को नियम ४ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बिरुवा संरक्षण संगठनले यो आचार संहिता स्वीकृत गरी लागू गरेको छ ।

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस आचार संहिताको नाम " इटालीबाट आयात गरिने स्याउको पोष्ट इन्ट्री क्वारेन्टाइन आचार संहिता, २०८२" रहेको छ।

(२) यो आचार संहिता संगठनबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) **"ऐन"** भन्नाले विरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ सम्झनुपर्छ।

(ख) **"नियमावली"** भन्नाले विरुवा क्वारेन्टाइन तथा संरक्षण नियमावली, २०६६ सम्झनुपर्छ।

(ग) **"संगठन"** भन्नाले ऐनको दफा ६ बमोजिम गठन भएको राष्ट्रिय विरुवा संरक्षण संगठन-नेपाल सम्झनुपर्छ।

(घ) **"सुसुप्त संक्रमण"** भन्नाले विरुवा वा बीउजन्य उपजहरु क्वारेन्टाइन नाकावाट प्रवेश हुँदाका वखत बाहिरवाट हेर्दा स्वस्थ देखिएता पनि ती उपजहरुमा खतरनाक शत्रुजीवहरुको उपस्थिति रहने तर त्यस्तो उपस्थितिलाइ प्रवेश विन्दुमै पहिल्याउन सम्भव नहुने संक्रमणको अवस्थालाई सम्झनुपर्छ।

(ङ) **"पोष्ट इन्ट्री क्वारेन्टाइन"** भन्नाले नियमावलीको नियम २ (६) बमोजिम सुसुप्त संक्रमण गर्न सक्ने पैठारी भएका बीउ, बिजन वा जीवित विरुवालाई कुनै एक विशेष

(च) **"पोष्ट इन्ट्री क्वारेन्टाइन स्टेशन"** भन्नाले राष्ट्रिय फलफूल विकास केन्द्रको सिफारिसमा संगठनले स्वीकृत गरेको पैठारी गरिएका विरुवा रोपण गर्ने वा रोपण गरिएको विरुवाको खोज गरिने स्थानमा सार्वजनिक प्रवेशमा अनुमति बिना प्रतिवन्ध लगाइएको स्थानलाई सम्झनुपर्छ।

(छ) **"पोष्ट इन्ट्री सर्भे"** भन्नाले पोष्ट इन्ट्री क्वारेन्टाइन प्रयोजनको लागि निगरानी गरिने विशेष निरिक्षणको प्रक्रियालाई पोष्ट इन्ट्री सर्भे सम्झनुपर्छ।

(ज) **"निरीक्षक"** भन्नाले ऐनको दफा १४ बमोजिम नियुक्त कर्मचारीलाई सम्झनुपर्छ।

**३. पोष्ट इन्ट्री क्वारेन्टाइन तथा पोष्ट इन्ट्री सर्भे र अध्ययन अनुसन्धान एवम् शत्रुजीवको व्यवस्थापन:** (१) यस आचार संहिता बमोजिम गरिने पोष्ट इन्ट्री क्वारेन्टाइन तथा पोष्ट इन्ट्री सर्भे र अध्ययन अनुसन्धान एवम् शत्रुजीवको व्यवस्थापन देहाय बमोजिम गरिनेछ ।

(क) इटालीबाट पैठारी गरिने स्याउका बानस्पतिक प्रसारण सामग्रीको पैठारी र ओसारपसार गर्दा ऐनको दफा १७ को उपदफा (१) बमोजिम संगठनले निर्धारण गरेका नियमित शत्रुजीव तथा तिनको पोष्ट इन्ट्रि क्वारेन्टाइन र सर्वे अवधि अनुसूची-७ बमोजिम हुनेछ ।

(ख) नियमन गर्नुपर्ने भनी पहिचान गरिएका शत्रुजीवहरुको व्यवस्थापन र नियन्त्रणका लागि विरुवाको प्रवेश भइसकेपछि पोष्ट इन्ट्री क्वारेन्टाइन गर्नु भनी संगठनले अनिवार्य गरेको शत्रुजीवको हकमा संरक्षित संरचनामा अध्ययन गर्नुपर्ने भएतापनि त्यसो गर्न तत्काल सम्भव नभएकोले खुल्ला खेतवारीमा आधारित रहेर अध्ययन गरिनु पर्ने देखिएको हुँदा नियमावलीको नियम ५ को खण्ड "च" "छ" वा "ज" मा लेखिए अनुसारका प्रयोजन सहित पैठारीको लागि विरुवाको प्रवेश अनुमतिपत्र माग भई आएमा सोही नियमावलीको अनुसूची- २ मा उपलव्ध कवुलियतीनामा वा नियम ५ खण्ड "ज" बमोजिमको अनुरोधपत्रको आधारमा नियमावलीको अनुसूची- ३ वमोजिम राष्ट्रिय फलफूल विकास केन्द्रले सिफारिस गरी पठाउनेछ।

(ग) राष्ट्रिय फलफूल विकास केन्द्रले निर्धारण गरेका र संगठनवाट स्वीकृत गरिएका यस आचार संहिताको अनुसूची- ८ वमोजिमका पोष्ट इन्ट्री क्वारेन्टाइन स्टेशनहरुका अतिरिक्त अन्यत्र रोपण गर्नको लागि अनुमति दिइने छैन ।

(घ) अन्य खतरनाक शत्रुजीवको उपस्थिति सम्बन्धी सर्भेको तथ्याङ्क संकलन गरिने खुल्ला खेतबारीमा आधारित पोष्ट इन्ट्री स्टेशनको अनुसूची- ४ वमोजिम राष्ट्रिय फलफूल विकास केन्द्रको समन्वयमा संगठनवाट अडिट समेत गरिनेछ। संकलित तथ्यांङकलाई राष्ट्रिय पेश्ट डाटावेशमा अध्यावधिक गर्दै लगिनेछ।

(ङ) निजी क्षेत्रवाट विरूवा आयात गरिदा नियमावलीको नियम ४ (ज) वमोजिम सम्वद्ध आयातकर्तासँग राष्ट्रिय फलफूल विकास केन्द्रले उपयुक्त देखेको खेतबारीलाई नै पोष्ट इन्ट्री क्वारेन्टाइन स्टेशन कायम गराई अनुसूची- १ वमोजिमको सम्झौता मार्फत अनुवन्धित गर्नेछ।

(च) इटालियन स्याउको विरुवाका हकमा पोष्ट इन्ट्री क्वारेन्टाइनको अवधि कम्तिमा ३ वर्षको हुनेछ।

(छ) बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको सिफारिसमा आयात भएको विरुवा एकै स्थानमा रोप्नु पर्नेछ र विरुवा रोपिएको स्थानलाई पोष्ट इन्ट्री सर्भिलेन्स स्टेसन तोकिनेछ। आयातित विरुवाहरु नर्सरीहरुलाई खुद्रा विक्री गर्न पाइनेछैन। राष्ट्रिय फलफूल विकास केन्द्रको समन्वयमा आयातकर्ताले पैठारी गरिएका विरुवाहरु सिधै पोष्ट इन्ट्री सर्भिलेन्स स्टेशनमा पुर्याउनेछ।

(ज) नर्सरी वा फार्महरु नरहेका संघीय, प्रादेशिक तथा स्थानिय तहका सरकारी निकाय वा सरकारी आयोजना/परियोजनाहरुले नियमावलीको नियम ५(ज) वमोजिम वार्षिक कार्यक्रम कार्यान्वयनको लागि विरुवा वितरण गर्नुपर्ने भएमा त्यस्तो कार्यक्रम सन्चालन गर्दा वितरण गरिने बीउ तथा विरुवाको पोष्ट इन्ट्री क्वारेन्टाइन स्थल समेत पहिचान गरी अग्रिम रुपमा सम्वन्धित जग्गाधनी र अध्ययनको लागि प्रत्यक्ष रुपमा संलग्न हुन चाहने नेपाल कृषि अनुसन्धान परिषदका वैज्ञानिक वा विश्व विद्यालयका शोधकर्ता वा प्राध्यापक वा प्रादेशिक वा स्थानिय रुपमा कार्यरत पेष्ट सर्भेयरलाई जिम्मेवार बनाई हरेक आर्थिक वर्षको भदौ मसान्त भित्र जिम्मेवार सर्भेयरको सम्पर्क सुत्रसमेत लेखी राष्ट्रिय फलफूल विकास केन्द्रलाई लेखी पठाउने छ। त्यसरी सम्पर्क सुत्र प्राप्त भएपछि राष्ट्रिय फलफूल विकास केन्द्रले प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रलाई पोष्ट इन्ट्री सर्भेयरको रोष्टर पठाउनेछ।

(झ) क्वारेन्टाइन वा पोष्ट इन्ट्री क्वारेन्टाइनमा रहेका जैविक सुरक्षासँग सम्बन्धित शत्रुजीवको नमूनाहरु अध्ययन गर्नका लागि कानून बमोजिम सरकारी तथा

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

निजी प्रयोगशालाहरुको मापदण्ड तोकी न्यूनतम मापदण्ड पुगेका प्रयोगशालालाई सुविधा सम्पन्न वनाइनेछ।

(ञ) पोष्ट इन्ट्री क्वारेन्टाइन पद्दतिलाई चुस्त रुपमा व्यवस्थापन गर्नको लागि राष्ट्रिय फलफूल विकास केन्द्रले क्रमश अनलाइन स्यापलिंग ट्राकिंग सिस्टमको व्यवस्था गर्नेछ।

## ४. प्रारम्भिक सम्भाव्यता अध्ययन गर्नुपर्ने

(क) विरुवा लगाउनु भन्दा अगाडि प्रस्तावित पोष्ट इन्ट्री क्वारेन्टाइन गरिने खेतबारी उपयुक्त भए नभएको बारेमा अध्ययन वा प्रि-अडिट गर्नुपर्दछ। त्यस्तो कार्य संगठनले गर्नेछ। त्यस्तो उपयुक्तता सम्बन्धी अध्ययन गर्दा अनुसूची-२ बमोजिमका बुँदाहरुमा केन्द्रीत हुनुपर्नेछ।

(ख) प्रारम्भिक अध्ययन पश्चात कुनैपनि आयातकर्ता/किसानको खेतबारीमा पोष्ट इन्ट्री क्वारेन्टाइन अध्ययन गर्न उपयुक्त रहेको निष्कर्ष आएमा आयातकर्ताले संगठनमा अनुसूची-१ बमोजिमको आवेदन दिनुपर्नेछ।

(ग) संगठनले पोष्ट इन्ट्री क्वारेन्टाइन अध्ययन गर्न उपयुक्त रहेको खेतबारीलाई स्याउको शत्रुजीवको पोष्ट इन्ट्री क्वारेन्टाइन स्टेशन (Post Entry Quarantine Station: PEQ) भनी अनुसूची-३ वमोजिमको पहिचान दिइनेछ।

(घ) आयातकर्ताले आयातित विरुवा वा बीउहरु रोपण गर्ने समयमा संगठनले तोकेको निरीक्षक/विश्लेषक/सर्भेयरलाई जानकारी दिनुपर्नेछ।

(ङ) निरीक्षकले जुनसुकै समयमा तोकिएको पोष्ट इन्ट्री क्वारेन्टाइन स्टेशनमा निरीक्षण वा फिल्ड अडिट (अनुसूची-४ र अनुसूची- ५) गर्न सक्नेछ।

## ५. अभिलेख राख्नुपर्ने

(क) निरीक्षकले तोकिएको पोष्ट इन्ट्री क्वारेन्टाइन स्टेशनको नियमित सर्भे गर्ने र कुनै खतरनाक शत्रुजीव देखिएको अवस्थामा उपयुक्त तरिकाले नियमानुसार शत्रुजीवको निःसंक्रमण गर्ने वा गर्न लगाउनुपर्नेछ।

(ख) आचार संहितामा उपलव्ध भएका सम्पुर्ण फारामहरु भरेर अध्यावधिक गरी छुट्टाछुट्टै स्टेसनहरुका छुट्टाछुट्टै फाइलहरु खडागरी राख्नुपर्नेछ। त्यस्ता अभिलेखहरुलाई सकेसम्म वेबसाइटमा समेत राख्ने व्यवस्था मिलाउनुपर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

अनुसूची-१

(दफा ४ को खण्ड (ख) सँग सम्बन्धित)

## आयातकर्ताले किसानको खेतबारीमा पोष्ट इन्ट्री क्वारेन्टाइन अध्ययन गर्ने सम्बन्धमा संगठनमा दिइने निवेदनको ढाँचा

विषयः पोष्ट इन्ट्री क्वारेन्टाइन स्टेशन कायम गरी गरी पाँउ

श्रीमान केन्द्र प्रमुखज्यू,

..................................।

म/हामी श्री.........................................ले प्रवेश अनुमतिपत्रको निवेदन नं.....................................वमोजिम .......................(देशको नाम) वाट............................(क्वारेन्टाइन कार्यालयको नाम) नाका हुंदै ...............................(कोमोडीटीको नाम) आयात गरी............................नगरपालिका/गाँउपालिका को............नं. वडा अन्तर्गत रहेको ....................(खेत/बारी/नर्सरी)मा लगाइ सो स्थानलाई पोष्ट इन्ट्री क्वारेन्टाइन स्टेशन वनाउन यो निवेदन पेश गरेको छु।

आयातकर्ताको विवरणः

नामः

ठेगानाः

सम्पर्क नं.

मितिः

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

अनुसूची-२

(दफा ३ को उपदफा (१) (ङ)साग सम्बन्धित)

## आयातकर्ता वा पोष्ट इन्ट्री ओपन फिल्ड स्टेशनका सन्चालकले गर्ने सम्झौता/कवुलियतनामा

म/हामी श्री.......................................ले प्रवेश अनुमतिपत्रको निवेदन नं.................................वमोजिम .....................(देशको नाम) वाट..........................(क्वारेन्टाइन कार्यालयको नाम) नाका हुंदै .............................(कोमोडीटीको नाम) आयात गरी..........................नगरपालिका/गाँउपालिका को...........नं. वडा अन्तर्गत रहेको ...................(खेत/बारी/नर्सरी)मा लगाइ सो स्थानलाई पोष्ट इन्ट्री क्वारेन्टाइन स्टेशन वनाउन र सो सम्वन्धी तोकिएको आवश्यक मापदण्डहरु पूरा गर्न मन्जुर छु/छौं।

(क) नेपाल भित्राइएको सम्पुर्ण बीउ/विरुवा राष्ट्रिय फलफूल विकास केन्द्रद्वारा तोकिएको स्थान भन्दा वाहिर लगाइने छैन। प्रस्तावित स्थानको लोकेसन म्याप संलग्न छ।

(ख) त्यसरी वीउ वा विरुवा लगाउने, PEQ स्टेशनको वारवन्देज लगायत अन्य व्यवस्थापन गर्ने, तथा संगठनले निरीक्षण खर्च ब्यहोर्नु भनी आदेश गरेमा सो को समेत सम्पुर्ण खर्च ब्यहोरिने छ।

(ग) संगठनले आदेश भए वमोजिमको अवधिसम्म ताहाँवाट तोकिए वाहेकका अन्य व्यक्ति वा संस्थालाई दान गर्ने वा बिक्री गर्ने वा वितरण गर्ने वा अन्य कुनै पनि प्रयोजनको लागि बीउ/विरुवा वा त्यसको कुनै हांगा वा पात वा जरा वा पूनः फैलाउन सकिने कुनै पनि विरुवाको अंग उपलव्ध गराइने छैन।

(घ) रोपणको समयमा अनिवार्य रुपमा राष्ट्रिय फलफूल विकास केन्द्र द्वारा तोकिएको स्टेशन सर्भेयर मार्फत संगठनलाई जानकारी दिइनेछ।

(ङ) स्थानिय शत्रुजीवहरुको व्यवस्थापनको लागि वाली संरक्षणका कुनै पनि उपायहरु अपनाइएमा सो को विस्तृत अभिलेखीकरण राखी उपलव्ध गराइनेछ। तर कुनै नचिनिएको शत्रुजीव भेटिएमा त्यस्तो उपाय अपनाउनुभन्दा अगाडि नै संगठनलाई अनिवार्य रुपमा जानकारी गराई निरीक्षकको लिखित सिफारिस मात्र लागू गरिनेछ।

(च) सम्बन्धित शत्रुजीव क्वारेन्टाइन शत्रुजीव वा नियमित गैर-क्वारेन्टाइन शत्रुजीव नै हो भनी पहिचान भएमा त्यसलाई नष्ट गर्नको लागि ऐनको दफा २० बमोजिम गर्न गराउन पूर्णरुपमा सहयोग गरिनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

(छ) स्टेशनबाट माटो वा अन्य झारपात वा रोग कीरा फैलिन सक्ने कुनै पनि माध्यमलाई बाहिर लैजान दिइनेछैन।

(ज) रोग कीराको नमूना संकलन गर्न तथा प्रयोगशालासम्म लैजानको लागि न्युनतम सुविधाको व्यवस्थापन गरिनेछ।

(झ) तोकिएको शत्रुजीवहरु फेला परेमा संगठनलाई जानकारी नदिई वा ढाँटछल गरी सूचना लुकाएको प्रमाण भेटिएमा संगठनले आवश्यकता अनुसार खेतबारीमा रहेका वोटविरुवालाई नष्ट गर्न सक्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

अनुसूची- ३

(दफा ४ को खण्ड (क) सँग सम्बन्धित)

प्रारम्भिक सम्भाव्यता अध्ययन

| क सं | विवरण | स्टयान्डर्ड | रेटींग (१ १०) |
|---|---|---|---|
| १ | बगैचा बीचको पृथकता दुरी | कम्तीमा १०० मि. | |
| २ | प्रस्तावित खेतबारीलाइ अन्य वालीहरूवाट पृथक गर्न सकिने वा नसकिने | भौगोलिक पृथकता नभएको ठांउमा स्टेशन वरिपरी १ कि. मि. सम्म अन्य जातको सोही बाली लगाउन नमिल्ने | |
| ३ | प्रस्तावित खेतबारीको क्षेत्रफल | वाली लगाउने स्टयान्डर्ड क्रप जोमेट्री अनुसार आयातित सम्पुर्ण वीउ वा विरुवा रोप्न पुग्ने पर्याप्त क्षेत्रफल हुनुपर्ने | |
| ४ | जैविक विविधताको स्थिति | सकेसम्म कम जैविक विविधता भएको क्षेत्र हुनुपर्ने, कोमोडीटीसँग सम्वन्धित शत्रुजीवको जीवनचक्र चल्नको लागि आवश्यक हुने उस्तै प्रकृतिका विरुवाहरु वा अल्टरनेट तथा कोल्याटरल होस्टहरुको उपस्थिति वरिपरी नभएको हुनुपर्ने। | |
| ५ | भौतिक सुविधाको स्थिति | विजुली इन्टरनेट खानेपानी वाटोघाटो आदिको सुविधा भएको क्षेत्र हुनुपर्ने। | |
| ६ | स्थानिय जलवायुको स्थिति | सम्वन्धित वालीको लागि उपयुक्त जलवायु रहेको क्षेत्र हुनुपर्ने। | |
| ७ | सिंचाइ-निकास तथा फोहर व्यवस्थापनको स्थिति | सिंचाइ गरिएको पानीको स्टेशन भित्रै सुरक्षित निकास तथा फोहर व्यवस्थापन गर्न सकिने सम्भावना भएको हुनुपर्ने। | |
| ८ | वार वन्देजको स्थिति | कम्तिमा २.५ मिटर उचाइको वरिपरी वारवन्देज हुनुपर्ने। ताला लगाउन सकिने छुट्टाछुट्टै प्रवेशद्धार तथा निकासद्धार हुनुपर्ने। | |

उपरोक्त विवरणहरुको वारेमा अध्ययन गर्दा सम्वन्धित खेतबारीलाई PEQ स्टेशनको रुपमा पहिचान गर्न सकिन्छ भनी दस्तखत गर्ने

<u>राष्ट्रिय फलफूल विकास केन्द्रको पदाधिकारीको:</u>

दस्तखत:.......................

नाम:.......................................

मिति.......................................

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

## अनुसूची- ४

(दफा ४ को खण्ड (ग) सँग सम्बन्धित)

### खुल्ला खेतबारी पोष्ट इन्ट्री क्वारेन्टाइन स्टशेनभनी तोकिएको पहिचान पत्र

राष्ट्रिय विरुवा संरक्षण संगठन-नेपालको प्रवेश अनुमतिपत्र नं...................वमोजिम ...............(देशको नाम)वाट ..........................(क्वारेन्टाइन कार्यालयको नाम) नाका हुँदै .......................(कोमोडीटीको नाम) आयात गरी.........................नगरपालिका/गाँउपालिकाको वडा नं........अन्तर्गत रहेको ................(खेत/बारी/नर्सरी) लाई सोही वालीको पोष्ट इन्ट्री क्वारेन्टाइन स्टेशन तोकिएको जानकारी गराइन्छ। सो सम्वन्धी आचार संहिताले तोकेक आवश्यक न्यूनतम मापदण्डहरु पूरा गर्नुहोला।

श्री.........................................................

पद ......................................................

दस्तखत................................................

कार्यालयको छाप

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

## अनुसूची- ५
(दफा ३ को उपदफा (१) (घ) सँग सम्बन्धित)
### पोष्ट इन्ट्री स्टेशन अडिट

किसान/समुहको नाम:

स्टेशनको रजिष्ट्रेसन नं:

स्टेशनको नाम:

| क्र.सं. | विवरण | स्टयान्डर्ड | रेटिग (१-१०) |
|---|---|---|---|
| १ | पोष्ट इन्ट्री ओपन फिल्ड स्टेशनको पहिचान पत्र | उपलव्ध | |
| २ | PEQ स्टेसनको साइनवोर्डसँगै निषेधित क्षेत्रको आचारसंहिता | टांसिएको | |
| ३ | वार वन्देजको स्थिति | कम्तिमा २.५ मि. उचाइको वरिपरी वारवन्देज हुनुपर्ने। ताला लगाउन सकिनेद्वारहरु भएको। | |
| ४ | प्रवेश/प्रस्थानद्वारमा फूटवाथको सुविधा | भएको | |
| ५ | सुरक्षा प्रवन्ध | सुरक्षा गार्ड राखेको | |
| ६ | निःसंक्रमण | औजारहरुको निःसंक्रमणको सुविधा, माटोको पाश्चराइजेसन वा सोलराइजेसन वा फ्युमिगेशन वा इन्सीनिरेसन | |
| ७ | आगन्तुक पुस्तिका | राखेको | |
| ८ | इन्सेक्ट ब्यारियर | फिल्ड वरिपरी ३/४ लाइन वाक्लो गरि ढैंचा/ सेस्वानिया/ सनहेम्प आदि लगाएको | |
| ९ | साइट प्लान | राखेको | |
| १० | फिल्ड रेकर्ड: कामदारको क्रियाकलाप, फिल्ड सुपरभाइजरको क्रियाकलाप निरीक्षक/विश्लेषक क्रियाकलाप | राखेको | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

| | | | |
|---|---|---|---|
| ११ | शत्रुजीव पहिचान पुस्तिका | राखेको | |
| १२ | नमूना जम्मा गर्ने सुविधा | भएको | |
| १३ | पृथकता दुरी | अन्य स्याउ वालीसँग कम्तिमा १००० मि. को पृथकता दुरी कायम गरी स्टेशनको वाली वरिपरि कम्तिमा २.५ मि. अग्लो प्लास्टिक वारले घेरेको। | |
| १४ | पानी तथा फोहरको निकास | सुरक्षित | |
| १५ | वफर जोन | स्टेशनको पर्खाल/वार वन्देज भित्रपट्टी कम्तिमा ३ मि. चौडाइको विरुवा/झारपात रहित वफर जोन भएको | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

# अनुसूची -६

(दफा ३ को उपदफा (१) (क) सँग सम्बन्धित)

## जोखिम विश्लेषणद्वारा पहिचान गरिएका खतरनाक शत्रुजीवहरु र तिनको न्यूनतम पोष्ट इन्ट्री सर्भे अवधि

| क्र.सं. | शत्रुजीवको नाम | PEQ अवधि |
|---|---|---|
| १ | *Parlatoria oleae* (olive scale) | 3 months |
| २ | *Parlatoria pergandii* (chaff scale) | 2 months |
| ३ | *Parthenolecanium corni* (European fruit lecanium) | 12 months |
| ४ | *Pear blister canker viroid* | 24-36 months |
| ५ | *Phytophthora cambivora* (root rot of forest trees) | 4 months |
| ६ | *Phytophthora megasperma* (root rot) | 4 months |
| ७ | *Phytoplasma aurantifolia* (lime witches' broom phytoplasma) | 24-36 months |
| ८ | Prunus necrotic ringspot virus (almond bud failure) | 12 months |
| ९ | *Pseudococcus calceolariae* (scarlet mealybug) | 3 months |
| १० | *Pseudococcus comstocki* (Comstock mealybug) | 4 months |
| १० | *Pseudococcus longispinus* (long-tailed mealybug) | 5 months |
| १२ | *Pseudomonas syringae* pv. *syringae* [bacterial canker or blast (stone and pome fruits)] | 2 years |
| १३ | *Rhizobium rhizogenes* (gall) | 4-8 weeks |
| १४ | *Tetranychus urticae* | 1 month |
| १५ | Tobacco necrosis virus | 2 years |
| १६ | Valsa ceratosperma | 1-3 years |
| १७ | *Venturia pyrina* | 2-3 years |
| १८ | *Zeuzera pyrina* | 1 year |
| १९ | *Siphoninus phillyreae* | 5-6 months |
| २० | *Thrips angusticeps* | more than a months |
| २१ | Anarsia linetella | 1 year |
| २२ | Aspidiotus nerii | 10 weeks |
| २३ | *Cherry leaf roll virus* | 2 years |
| २४ | *Brevipalpus phoenicis* | 8 weeks |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय प्लान्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

| | | |
|---|---|---|
| २५ | *Candidatus Phytoplasma asteris* | 2 year |
| २६ | *Apple rubbery wood phytoplasma* | 2 year |
| २७ | *Apple stem pitting virus* | 18 Months |
| २८ | *Ditylenchus myceliophagus* | 2 months |
| २९ | *Dysmicoccus brevipes* | 78 to 111 days |
| ३० | *Ectomyelois ceratoniae* (carob moth) | |
| ३१ | *Erwinia amylovora* (Fire blight) | 1 Month |
| ३२ | *Frankiniella occidentalis* (Western Flower Thrips) | 6-7 Week |
| ३३ | *Harmonia axyridis* (harlequin ladybird) | 1-8 months |
| ३४ | *Candidatus Phytoplasma solani* | 2 years |

| क.सं. | शत्रुजीवहरु | **RQ3 Does this pest requires PEQ surveillance? What is the duration of PEQ tracking?** |
|---|---|---|
| १ | *Panonychus ulmi* | Yes, it requires PEQ surveillance. Eggs hatch when earliest blossom buds show pink color. Minimum of 1 year surveillance is required. |
| २ | *Paratrichodorus porosus* | The pest requires surveillance period until one generation of its life cycle is completed. |
| ३ | *Pezicula malicorticis* | It causes latent infection on bark and causes bull's eye rot in fruits.This pest requires surveillance period 24 months in case of latent infection. |
| ४ | *Phaeoacremonium minimum* | The pest is known to overwinter in vascular bundles. It resumes growth in early spring. One year surveillance should be carried out. |
| ५ | *Phenacoccus aceris* | They are univoltine. Pest. A maximum of 1 year surveillance should be carried. |
| ६ | *Phomopsis cotoneastri* | |
| ७ | *Phomopsis theicola* | |
| ८ | *Phytophthora syringae* | Symptom is developed 3-4 week after inoculation (Edney, 1978). It requires surveillance upto 1-2 months. |
| ९ | *Phytoplasma mali* | A post entry quarantine of 104 weeks is required |
| १० | *Pratylenchus vulnus* | This pest must be under surveillance for duration of one month (CABI, 2022). |
| ११ | *Pythium ultimum* | The root systems of affected trees are fibrous, poorly developed and are often in a state of decay. In some orchards, trees can grow through the symptoms if replant pressure is not severe and the trees are well nourished. In severe cases, the trees decline rapidly and die. |
| १२ | *Rhopalosiphum oxyacanthae* | Yes it requires PEQ surveillance. The pest overwinters in egg stage in the stem, branches, twigs, etc. Six months surveillance period is essential. |
| १३ | *Operophtera brumata* (winter moth) | Surveillance for the pest should continue upto 8 months (Cuming, F. G., 1961). |
| १४ | *Orgyia antiqua* (European tussock moth) | The pest completes its life cycle in 6 months (CABI, 2022). |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
…ण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

| | | |
|---|---|---|
| १५ | *Ostrinia nubilalis (European maize borer)* | the duration of development at two temperatures. At 21°C, development times were: egg - 6 days, L1 - 4.5 days, L2 - 4 days, L3 - 4 days, L4 - 4 days, L5 - 10 days and pupa - 12 days. At 26° C, they were: egg - 3.5 days, L1 - 3 days, L2 - 2 days, L3 - 2 days, L4 - 2.5 days, L5 - 6.5 days and pupa - 7 days Matteson and Decker (1964) |
| १६ | *Cornu aspersum* | A post entry quarantine of 8 months is required |
| १७ | *Botryosphaeria dothidea* | Yes, it requires PEQ tracking as it is a latent pathogen. The symptom become evident only under stress conditions like drought (Marsberg et al., 2017). White rot on apple (CABI, 2022), exudation from stem blister present in the stem (CABI, 2022).Yes, it requires PEQ tracking as it is a latent pathogen. The symptom become evident only under stress conditions like drought (Marsberg et al., 2017). |
| १८ | Valsa leucostoma | Yes, this pest requires Post-Entry Quarantine (PEQ) surveillance due to its long disease cycle and difficulty in management once established. The fungi responsible for the disease overwinter in cankers and dead twigs, with the conidial stage only occurring two years after the initial infection.(Bertrand et al., 1976) symptoms are Visible first is the exudation of gum at the point of infection. The canker forms from a small necrotic center that slowly enlarges with the collapse of the inner bark tissue.( Curtis et al., 2009) |
| १९ | Scolytus rugulosus | The pest is difficult to detect early, as it creates tiny exit holes (1–1.5 mm) and tunnels beneath the bark surface (Chittenden et al., 1909). Visual symptoms may appear late, after internal damage has already occurred. S. rugulosus can have 2–3 generations per year, depending on the climate (Borovinova, 2012). Given its multi-generational capacity and hidden development stages, PEQ tracking should be conducted for a minimum of 12 months, ideally spanning at least one full growing season to ensure all life stages can be detected. |
| २० | Synanthedon myopaeformis | Yes, Synanthedon myopaeformis requires PEQ (Post-Entry Quarantine) surveillance due to its destructive nature and the potential for severe economic losses in apple orchards. The pest has a two-year life cycle, with two overlapping cohorts of larvae, ensuring that adults are active each year (Nelson et al., 2024). This means that surveillance should extend for at least two years to monitor the pest through its full life cycle and detect any infestations before they can spread significantly. The larvae of S. myopaeformis create galleries under the bark of fruit trees, which is a clear indication of infestation. These galleries are destructive and can lead to tree death if left unchecked. Given the long-term impact that this pest can have on apple orchards, the duration of tracking should exceed two years to effectively manage and contain the pest. Monitoring efforts should focus on detecting larvae, adults, and signs of tree damage to implement timely control measures and prevent widespread infestation. |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

| | | |
|---|---|---|
| २१ | Takahashia japonica | Yes, T. japonica requires PEQ surveillance in the PRA region due to its ability to cause significant damage to a variety of host plants, including economically and ecologically important species. Since T. japonica has one generation per year in Italy, as noted by the EFSA Panel on Plant Health (2023), surveillance efforts should span at least one year to capture its lifecycle and identify early signs of infestation, such as dieback, necrosis, and the distinctive white ovisacs. .( Limonta et al., 2022) |
| २२ | *Collectotrichum fioriniae* | PEQ period 2-3 weeks. Symptoms began as small brown spots, which expanded with time and eventually led to large, irregular, dark brown, and sunken lesions. Under high temperatures and relative humidity, orange conidiomata appeared on the top of the lesions. As the disease progressed, branches rotted and broke, and leaves died and dropped, eventually causing the death of trees. The fungus was isolated from infected branches. |
| २३ | *Colletotrichum fructicola* | Latent period is as short as 2 days and the disease spreads rapidly, especially after prolonged periods of rain |
| २४ | *Colletotrichum godetiae* | Inoculated fruits were incubated in sterile conditions at 25°C with a 12-h photoperiod. In 83% of fruits, symptoms appeared between 7 and 15 days later. The rot begins as light brown, circular lesion getting darker with orange spore masses. Symptoms of apple bitter rot were observed on apple fruits (Malus domestica L.) in the Newcastle area, United Kingdom, in October 2008. Lesions were round, 1 to 5 cm in diameter, brown and dry, with acervuli producing yellowish spore masses in concentric bands. Source:First report of apple bitter rot caused by Colletotrichum godetiae in the United Kingdom. Plant disease, 98(7), 1000-1000. |
| २५ | *Collectotrichum nymphaeae* | Symptoms were observed at the inoculation site 3 to 4 days after inoculation (DAI) on wounded and 5 to 6 DAI on non-wounded fruits. |
| २६ | *Eulecanium tiliae* | PEQ period 3months. Symptoms : Death of branches and twigs, degeneration of chloroplasts and subsequent premature yellowing,Infested leaves are usually smaller and sometimes thicker than non-infested ones, produce large amounts of honeydew which provides a favourable substrate for the growth of sooty moulds |
| २७ | *Operophtera brumata (winter moth)* | Surveillance for the pest should continue upto 8 months (Cuming, F. G., 1961). |
| २८ | *Orgyia antiqua (European tussock moth)* | The pest completes its life cycle in 6 months (CABI, 2022). |
| २९ | *Ostrinia nubilalis (European maize borer)* | the duration of development at two temperatures. At 21°C, development times were: egg - 6 days, L1 - 4.5 days, L2 - 4 days, L3 - 4 days, L4 - 4 days, L5 - 10 days and pupa - 12 days. At 26° C, they were: egg - 3.5 days, L1 - 3 days, L2 - 2 days, L3 - 2 days, L4 - 2.5 days, L5 - 6.5 days and pupa - 7 days Matteson and Decker (1964) |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

अनुसूची- ७

(दफा ३ को उपदफा (१) (घ) सँग सम्बन्धित)

राष्ट्रिय फलफूल विकास केन्द्रवाट सिफारिस भएका पोष्ट इन्ट्री स्टेशनहरु

१

२

३

४

५